





मुद्रक: नवदुर्गा प्रिन्टीङ्ग प्रेस परासी, ९८५७०४५४८८, ९८२१४६९३००

# रामग्राम

## बुलेटिन-अर्धवार्षिक



वर्ष २, अंक-४, २०८० पुष




प्रकाशक

**रामग्राम नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश













**रामग्राम बुलेटिन-अर्धवार्षिक**
साउन- पुष २०८०
(वर्ष २, अंक ४, २०८० पुष)

संरक्षक :
**धनपत यादव**
(नगर प्रमुख)

सल्लाहकार
**सम्झना चौधरी**
(उपप्रमुख)

प्रधान सम्पादक
**मोहन अर्याल**
(प्रमुख प्रशासकीय अधिकृत)

**सम्पादन मण्डल**
संयोजक - रामलाल भुसाल
सदस्य- जितजंग केसी
सदस्य- सुमन ज्ञवाली
सदस्य- संजय शर्मा
सदस्य-मेघराज गौतम
भाषा सम्पादनः चिरन ज्ञवाली

प्रकाशक
**रामग्राम नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी, (ब.सु.प.)

# सम्पादकीय...

महामानव भगवान गौतम बुद्धको एकमात्र अस्तु धातु रहेको रामग्राम स्तुपको नामबाट परिचित र नामाकरण गरिएको रामग्राम नगरपालिका पश्चिम नवलपरासी जिल्लाको पहिलो र जेठो नगरपालिका हो। नगरपालिका भित्र थुप्रै ऐतिहासिक एवं धार्मिक महत्वका क्षेत्रहरु पनि रहेका छन्।

गौतम बुद्धको मावली प्राचीन कोलीय राज्यको राजधानी पण्डितपुर क्षेत्र पनि ऐतिहासिक स्थलको रुपमा परिचित छ। यी दुवै क्षेत्रको संरक्षण र विकासका लागि रामग्राम नगरपालिकाले रामग्राम विकास कोषको स्थापना गरी कार्यको थालनी समेत गरिसकेको छ। यस नगरपालिकाभित्र रहेका अन्य साँस्कृतिक, प्राकृतिक एवं प्राचीन महत्वका क्षेत्रहरुको संरक्षण र विकासमा समेत आवधिक एवं दीर्घकालीन कार्ययोजना बनाएर कार्यको शुरुवात गरिएको छ।

चालु आ.व. २०८०।०८१ मा गर्नुपर्ने विकास निर्माण र सेवा प्रवाहको कार्यलाई प्रभावकारी बनाउन योजनाबद्ध कार्य प्रारम्भ भएको छ। चालु आ.ब.को ६ महिना पूरा भएको सन्दर्भमा यस अवधिमा नगरपालिकाले सम्पादन गरेका विकास निर्माण र सेवा प्रवाहबारे समीक्षा गर्दा शिक्षा, स्वास्थ्य, कृषि, वैदेशिक रोजगार, महिला तथा बालबालिका, सहकारी र पूर्वाधारका क्षेत्रमा काम द्रुत गतिमा अगाडि बढिरहेको छ।

यस अवधिमा संघीय, प्रदेश र राजश्व बाँडफाँड तथा आन्तरिक श्रोतको आम्दानी ३७.७१ प्रतिशत भएको छ भने चालु र पूँजीगत गरी कुल खर्च २५.९३ प्रतिशत भएको छ।

यस अवधिमा रामग्राम १७ मा पहिलो चौमासिकको सार्वजनिक सुनुवाई, रामग्राम ९ मा निःशुल्क स्वास्थ्य शिविर, नगरका ८३ जना महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई सम्मान, राष्ट्रपति रनिङ्ग शील्ड प्रतियोगिता, विपदमा परेका नागरिकलाई राहत वितरण, रामग्राम १० मा खानेपानी ट्याङ्कि निर्माणको शिलन्यास, सहकारी व्यवस्थापनका लागि कोपोमिस तालिम, एतिहासिक स्थल पण्डितपुर जोड्ने सडक निर्माणका लागि शिलान्यास जस्ता महत्वपूर्ण कामहरु सम्पन्न भएका छन्। शिलन्यास भएका पूर्वाधार संरचनाहरुको प्रगति पनि लक्ष्यअनुरुप नै भइरहेको छ।

परासीको झरही नदीमा २४ घण्टा अगावै बाढी पूर्वानुमान गर्न सकिने Early Working Syste जडान, नदी सरसफाई तथा करिडोर निर्माण, बजार क्षेत्रको सरसफाई अभियानका रुपमा सञ्चालन, व्यवसायी एवं संस्थागत स्वःउपयोगका लागि सोलार प्लान्ट निर्माण लगायत कार्यहरु प्रारम्भ गरिएको छ।

यस अघि प्रत्येक तीन महिनामा प्रकाशन हुँदै आएको रामग्राम बुलेटिन चाल आ.व. देखि अर्धवार्षिक रुपमा प्रकाशन थालिएको छ। प्रत्येक ६ महिनामा नगरपालिकाले सम्पादन गर्ने कामहरुलाई चरणगत दस्वावेजीकरण गरिएको छ। विकास निर्माण र सेवा प्रवाह र थप योजनाहरुलाई आम नगरवासी समक्ष पुर्याउन मद्दत हुने हामीले विश्वास लिएका छौं।

अन्त्यमा बुलेटिनलाई नगरपालिकाको मुखपत्र बनाउने जमर्को गरिरहँदा थुप्रै कमिकमजोरी हुनसक्छन्। आगामी अंकहरुमा थप परिस्कृत बनाउँदै लैजाने नै छौं। रामग्राम बुलेटिन अर्धवार्षिक निरन्तर प्रकाशनमा लैजान सहयात्रीको भूमिकामा रहनु हुने मेघराज गौतम, मेरा सहकर्मीहरु रामलाल, जीतजंग, सुमन र संजय जी प्रति हार्दिक आभार व्यक्त गर्दछु।

*धन्यवाद।*

# रामग्राम नगरपालिकाको चालु आ.व. २०८०/०८१ को आय व्यय विवरणः

रामग्राम नगरपालिकाद्वारा आम्दानीको मूल श्रोत सम्पत्ति कर, व्यवसाय रजिष्ट्रेशन दस्तुर, नक्सापास दस्तुर, घर वहाल कर र अन्य विभिन्न शीर्षकमा कर तोकी त्यसलाई आन्तरिक आम्दानीको मूल श्रोतको रुपमा लिने गरिएको छ। आ.व. २०८०।०८१ को पुष मसान्तसम्मको आम्दानी र खर्चको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।

**आम्दानीतर्फ**

| क्र.सं. | विवरण | आय रकम | आय प्रतिशत |
|---|---|---|---|
| १ | संघीय सरकारबाट प्राप्त | २९,९९,६२,२००।०० | ४४.१७ |
| २ | प्रदेश सरकारबाट प्राप्त | १,४० ,३३,०००।०० | ३८.६८ |
| ३ | राजश्व बाँडफाँड | ५,८४,३७,३३०।९१ | ३१.९८ |
| ३ | रामग्राम न.पा आन्तरिक श्रोत | ११,१२,५३,००९।०० | २८.९४ |
| | **जम्मा** | **४८३६८५५३९।९१** | **३७.७१** |

**खर्चतर्फ**

| क्र.सं. | विवरण | व्यय रकम | व्यय प्रतिशत |
|---|---|---|---|
| १ | चालुतर्फ खर्च | १९,५२,९६,९१५।५३ | ३४.९९ |
| २ | पूँजीगततर्फ खर्च | १३,७३,९३,६२१।५८ | १८.९४ |
| | **जम्मा** | **३३२६९०५३७।११** | **२५.९३** |

## चालु आ.व. ०८०।०८१ मा रामग्रामका ८ सय ८१ योजनामा करिब १ अर्ब १७ करोड बढीको बजेट

रामग्राम नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार र पालिकाको आन्तरिक बजेटबाट चालु आ.व. २०८०।०८१ मा कुल ८ सय ८१ वटा योजनाहरु कार्यान्वयन गर्ने कार्यक्रम बनाएको थियो । सोही कार्यक्रम अनुसार आ.व.२०८०।०८१ मा १ अर्ब १७ करोड १८ लाख ८८ हजार बराबरको बजेट कार्यक्रम तय गरेको थियो। साथै सोही अनुसारका नीति तथा कार्यक्रमहरु पनि पेश भएका छन्। नगरपालिकाले आन्तरिक बजेटबाट चालु आ.व.मा ४ सय ४६ बटा योजना सम्पादन गर्ने गरी कामलाई तिव्रता दिइरहेको छ।

नगरपालिकाले चालु आ.व.मा संघीय सरकारबाट हस्तान्तरित (ससर्त अनुदान) भई आएका सबै विषयगत शाखाबाट १ सय ३९ वटा योजनाहरु कार्यान्वयन गर्ने छ। त्यस्तै १ वटा विशेष अनुदान र १ वटा समपुरक अनुदानको कार्यक्रम तय भएको छ।

रामग्राम नगरपालिकाले चालु आ.व.२०८०।०८१ मा लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित (ससर्त अनुदान) भई आएका ९ वटा, हस्तान्तरित भई समपुरक अनुदानको रुपमा आएका ५ वटा योजना कार्यान्वयनको तयारी गरिरहेको छ।

रामग्राम नगरपालिकाले पालिका भित्रका १८ वटै वडामा चालु आ.व.२०८०।०८१ मा २ सय ८९ वटा वडास्तरीय योजना तय गरी कार्यान्वय गरिरहेको छ। यस्तै चालु आ.व.को पहिलो चौमासिकसम्मको योजना कार्यान्वयनको अवस्थालाई हेर्ने हो भने, कूल ४४६ योजनामध्ये २५ प्रतिशत सम्पन्न भएको र ७५ प्रतिशत काम गर्न बाँकी रहेको छ।

## रामग्राम नगरपालिका पशुपन्छी विकास शाखा

रामग्राम नगरपालिकाको पशुपन्छी विकास शाखा अन्तर्गत चालु आर्थिक वर्ष २०८०।०८१ मा हालसम्म सञ्चालन भएका कार्यक्रम र केही सञ्चालनमा रहेका योजनाहरुबारे विवरण निम्नानुसार प्रस्तुत गरिएको छ। शाखाले वार्षिक रुपमा सम्पन्न गर्ने गरी तयार पारेका योजनाहरु केही सम्पादन भएका र केही प्रकृयामै रहेका छन्।

१. देशभर गाईभैसीमा महामारीको रुपमा फैलिरहेको लम्पी स्कीन रोगको रोगी पशुको उपचार र नगरपालिका क्षेत्रका ६ हजार २५ पशुहरुमा निःशुल्क खोप सञ्चालन गरी रोग नियन्त्रण गरिएको ।

२. कम लागतमा उत्पादन र उत्पादकत्व बृद्धि गर्नका लागि ७५ प्रतिशत अनुदानमा बर्षिम घाँसको विउ २७१ जना कृषकलाई वितरण गरिएको ।

३. नश्ल सुधारका लागि कृत्रिम गर्भाधारण कार्यक्रम अन्तर्गत उन्नत जातका पशु उत्पादन र दूध उत्पादनमा बृद्धि गर्नका लागि नियमित रुपमा ८२५ पशुहरुमा कृत्रिम गर्भाधान सेवा सञ्चालन गरिएको।

४. पशुपालन व्यवसायबाट हुने पलाएन रोक्नका लागि पशु विमा र दावी भुक्तानीमा नियमित सहजिकरण गरिएको।

५. रामग्राम नगरपालिका पशुपन्छी विकास शाखा अन्तर्गत विभिन्न १७ वटा योजना मध्ये ४ वटा नियमित सञ्चालनमा रहेको र बाँकी प्रकृयामै रहेका छन्।

## कृषि विकास शाखाको अर्ध वार्षिक प्रगति-२०८०

यस रामग्राम नगरपालिकाको चालु आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत तपसिल बमोजिम कार्यक्रमहरु सञ्चालन प्रक्रियामा रहेका तथा सम्पन्न भइसकेका छन्।

- गहुँको उत्पादन तथा उत्पादकत्व बढाउने उद्देश्यले रु.४९,४७,६००।- बराबरको ६५।६८ मे.ट. (१६४२ बोरा) उन्नत गहुँको बीउ खरिद गरि नगरपालिका भित्रका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ।
- आ.व.२०७९/०८० मा स्थपना भएको तरकारी तथा गँहु बालीको पकेट विकास कार्यक्रम निरन्तरताको लागि सम्झौता भई कार्यान्वयन प्रक्रियामा रहेको छ।

- कृषक पहिचान तथा वर्गीकरण गर्ने उद्देश्यले सहजकर्ताहरुमार्फत् किसान सुचिकरण कार्यक्रम सञ्चालन प्रक्रियामा रहेको छ।
- रामग्राम नगरपालिकाको वडा नं.१४ को परसावल र वडा नं. ११ को रानीपाकडमा वसन्ते मकै बालीको क्षेत्र विस्तारको लागि प्रस्तावित गरिएको छ।
- विद्युतीय उर्जामा आधारित सिचाई सुविधा विस्तार तथा कृषकको उत्पादन लागत कम गर्न ५० भन्दा बढी कृषि मिटर सिफारिस भइ जडान गरिएको छ।
- नेपाल सरकारले वितरण गर्दै आइरहेको अनुदानको मलको कोटा निर्धारण, प्रमाणिकरण तथा अनुगमन तथा व्यवस्थापन नियमित भइरहेको छ।
- प्रशासनिक सेवा अन्तर्गत कृषक समूह दर्ता नवीकरण, अनुदान सिफारिस लगायत अन्य प्रशासनिक कार्यक्रम नियमित भइरहेका छन्।
- कृषकहरुको समस्या पहिचान, सल्लाह सुझाव तथा फिल्ड भिजिट लगायत अन्य प्राविधिक कार्य  नियमित भइरहेका छन्।

# रामग्राम नगरपालिकाभित्र सञ्चालित उद्यम विकास कार्यक्रम

चालु आ.व.२०८०।०८१ मा रामग्राम नगरपालिकामा उद्यम विकासका लागि सामाजिक परिचालनतर्फ ४ वटा कार्यक्रम सम्पन्न भएका छन् भने उद्यमी स्तरोन्नति तर्फ १ वटा र १ वटा सञ्चालन भइरहेका छन् । जुन प्रगति विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

| क्र.सं. | क्रियाकलाप | समयअवधि | स्थान | संख्या | लक्ष्य | भौतिक प्रगती | अवस्था |
|---|---|---|---|---|---|---|---|
| **क)** | **नयाँ उद्यमी सिर्जना तर्फ (New Creation)** | | | | | | |
| १ | उद्यम बिकासका लागि सामाजिक परिचालन रु.२५८०० (ससर्त अनुदान) | | | | | | |
| १.१ | अभिमुखिकरण कार्यक्रम | मंसिरको मसान्तसम्म | रामग्राम न.पा. वडा न.२,३,५ | ४० | ४० | ५५ | सम्पन्न |
| १.२ | PRA (सहभागीतामूलक ग्रामीण लेखाजोखा), श्रोत सम्भाव्यता अध्ययन कार्यक्रम सम्पन्न | पौष महिनासम्म | रामग्राम न.पा. वडा न.२,३,५ | ३५ | ३५ | ५० | सम्पन्न |
| १.३ | घरधुरी सर्वेक्षण सम्पन्न-फारम ए र बी ) | माघ मसान्तसम्म | रामग्राम न.पा. वडा न.२,३,५ | ३५ | ३५ | ४० | सम्पन्न |
| १.४ | लघु उद्यमी समूहको गठन तथा परिचालन | फाल्गुनको ४ गतेसम्म | रामग्राम न.पा. वडा न.२,३,५ | ३ वटा | ३ वटा | ३ वटा | सम्पन्न |
| **ख)** | **भैरहेको उद्यमीहरुका स्तरोन्नति -पुरानोतर्फ)** २००,००० | | | | | | |
| १ | आवश्यकता पहिचानको आधारमा (ससर्त अनुदान) रु.२०००००। | पौष महिनाको २२ गतेसम्म | वडा नम्बर ११ सिलाईकटाई र वडा न.१४ व्युटिपार्लर | २० | २० | २७ | सम्पन्न |
| २. | वडा नं.१३ एडभान्स तालिमहरु सिलाई र व्युटिपार्लर (आन्तरीक श्रोत) रु.१५००००। | माघ १० देखि फाल्गुनको ११ गतेसम्म | वडा नम्बर १३ एडभान्स सिलाईकटाई र व्युटिपार्लर | २५ जना | २५ जना | २५ जना | संचालन |
| | **जम्मा** | | | | **४५** | **५२** | |

# सुरक्षित आप्रवासन(सामी) कार्यक्रम

## कार्यक्रम प्रगति प्रतिवेदन

सुरक्षित आप्रवासन (सामी) कार्यक्रम वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धिमुलक बनाउनका लागि सञ्चालित कार्यक्रम हो । यस कार्यक्रमले सुरक्षित वैदेशिक रोजगारीका लागि तपसिल अनुसारका क्षेत्रमा काम गरिरहेको छ।

**कार्यक्रमको लक्षित बर्ग**

- वैदेशिक रोजगारमा जाने सम्भावित कामदार
- वैदेशिक रोजगारमा रहेका कामदार
- वैदेशिक रोजगारबाट फर्केका कामदार
- वैदेशिक रोजगारमा रहेका कामदारका परिवारका सदस्यहरु

**कार्यक्रमका मुख्य क्रियाकलापहरु**

- सूचना तथा परामर्श
- सीप विकास तालिम
- न्यायमा पहुँच
- मनोसामाजिक परामर्श सेवा
- वित्तीय साक्षरता

**सामी कार्यक्रमबाट हालसम्म भएका गतिविधि तथा प्रगति**

१) सुरक्षित वैदेशिक रोजगारका लागि जिल्ला प्रशासन कार्यालय परासीमा आप्रवासी स्रोत केन्द्र सञ्चालन र ब्यवस्थापन भइरहेको छ।

२) यस अवधिमा आप्रवासी स्रोत केन्द्रबाट ६३०८ पासपोर्ट बनाउन आउने व्यक्तिहरुलाई सुरक्षित वैदेशिक रोजगारीका लागि सूचना तथा परामर्श सेवा प्रदान गरिएको छ।

३) रिटर्नी स्वयंसेवक परिचालनबाट वैदेशिक रोजगारसँग सम्बन्धित परिवारका १५३४ जना ब्यक्तीहरुहरुलाई सूचना प्रवाह गरिएको छ।

४) वैदेशिक रोजगारी सम्बन्धी समस्यामा परेका २१४ जनाको केशमा सहजिकरण भइरहेको र ६९ जनाको समस्या समाधान भएको छ। कार्यक्रमको सहजिकरणबाट ब्यक्ति तथा परिवारले ११३३८००० आर्थिक सहायता तथा रकम फिर्ता पाएका छन्।

५) सामीबाट प्रदान गरिने वैदेशिक रोजगारमा जान चाहने ब्यक्तिका लागि ३० दिने निःशुल्क आवासीय सीप तालिममा रिफर गरिएका ३२ जना युवाहरुले तालिम प्राप्त गरेका छन्।

६) वैदेशिक रोजगारीमा गएका आप्रवासी कामदारका घर परिवारका सदस्यहरुलाई लक्षित गरी वडा नं १, २, १३, १४ र १७ मा गरी ४ वटा स्थानमा २१ हप्ताको वित्तीय साक्षरता र मनोसामाजिक परामर्श कक्षा सञ्चालन भइरहेको छ। जुन कक्षामा १०१ जना सहभागि रहेका छन्।

७) मनोसामाजिक समस्या भएका २१ जना ब्यक्तिहरुको पहिचान गरी ब्यक्तिगत मनोसामाजिक परामर्श सेवा प्रदान भइरहेको छ। जसमा आत्महत्याको प्रयास, डिप्रेसन, एन्जाइटि आघातजन्य समस्याका सेवाग्राही रहेका छन्।

८) सुरक्षित वैदेशिक रोजगारीका लागि समुदाय अभिमुखिकरण कार्यक्रम (वडा नं ९, १६, १३, ७) रामग्राम सनगरपालिकाको ४ वटा स्थानमा सम्पन्न गरिएको छ।

९) वैदेशिक रोजगारीमा जान चाहने र रिटर्नी युवाहरुको सहभागितामा २ वटा स्थान (वडा नं १ र १५) मा गहन अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको छ।

१०) वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई लक्षित गरी १८ वटा वडास्तरीय आप्रवासी श्रमिक सञ्जाल र १ वटा पालिकास्तरीय आप्रवासी श्रमिक सञ्जाल गठन गरी क्षमता विकास गरिएको छ।

११) अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसका अवसरमा दीप प्रज्वलन कार्यक्रमका साथै वैदेशिक रोजगारीबाट प्रभावित ८ जना बालबालिकाहरुलाई स्टेशनरी सामग्री तथा न्यानो लुगा वितरण गरिएको थियो।

१२) वैदेशिक रोजगारको प्रभाव न्यूनीकरण र सामाजिक लान्छना र भेदभाव न्युनिकरण सम्बन्धी वडाका महिला जनप्रतिनिधीहरुलाई अभिमुखिकरण र अन्तरक्रिया गरिएको छ।

सुरक्षित बैदेशिक रोजगारका लागि सूचना सीप र न्यायमा पहुँच अभिबृद्धिमा प्रभावकारी बनाउन र स्थानीय सरकार आप्रवासी स्रोत केन्द्र र जिल्ला प्रशासन कार्यालय बीचको समन्वयलाई प्रभावकारी बनाउन आप्रवासी स्रोत केन्द्र र जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि स्थानीय तहका प्रतिनिधि र कार्यक्रम कर्मचारीहरुसँगको समन्वय बैठक सम्पन्न गरिएको छ।

## शिक्षा युवा तथा खेलकूद विकास शाखा

- रामग्राम नगरपालिकाद्वारा २०८० माघ १४ देखि १६ सम्म राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको।
- नगरभित्रको शैक्षिक अवस्था सुधारका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा शैक्षिक सुधार प्रस्तावना पेश गरिएको।
- नगर शिक्षा समितिद्वारा आधारभूत तहको परीक्षा तालिका प्रकाशन गरिएको ।
- नगरभित्रका कक्षा ८ को परीक्षा नयाँ IEMIS प्रविधि मार्फत गरिने तयारी भइरहेको छ।

**महिला बालबालिका तथा समावेशीकरण उपशाखा**

- चालु आ.व.मा अपाङ्गता समन्वय समितिको बैठक ४ पटक सम्पन्न गरिएको छ।
- यस अवधिमा थप १० जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ।
- यस अवधिमा २२ जनालाई अपाङ्गता परिचय पत्र वितरण गरिएको छ, जसमा क वर्गको ४ जना, ख वर्गको १५ जना र ग वर्गको ३ जनालाई प्रदान गरिएको छ।

## सार्वजनिक सुनुवाइ

रामग्राम नगरपालिकाको सेवा प्रवाह र विकास निर्माणसम्बन्धी मिति २०८० पुष २ गते रामग्राम वडा नं. १७ पिप्रहियामा सार्वजनिक सुनुवाई गरिएको थियो। सयौं नगरवासीको उपस्थितिमा सञ्चालन गरिएको सार्वजनिक सुनुवाइ कार्यक्रमको सहजिकरण सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्ज समावेशी आवाजले गरेको थियो।

**सार्वजनिक सुनुवाइमा छलफल गरिएका विषयवस्तुहरु :**

शिक्षा, स्वास्थ्य, सरसफाइ, खानेपानी, सूचना, रोजगार, कृषि क्षेत्र, नगरपालिकाको भौतिक पूर्वाधार तथा विकास निर्माण र पालिका तथा वडा स्तरमा दिइने सेवा प्रवाहबारे छलफल गरिएको थियो।

**सार्वजनिक सुनवाइ कार्यक्रममा भएको उपस्थिति**

यस कार्यक्रममा रामग्राम नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को प्रथम चौमासिक अवधिमा सम्पादन गरिएका विकास निर्माण कार्य र नगरपालिकाले पुऱ्याएको सेवा सुविधाका बारेमा सार्वजनिक सुनुवाइ गरिएको थियो। नगरपालिकाका सम्पूर्ण बस्तीहरु, टोल विकास

संस्थाका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, उपभोक्ता समिति ,सामुदायिक विकास संस्था, विद्यालयहरु, सहकारीहरु, आमा समूहहरु, महिला समूहहरु, दलित उत्थान समूहहरु, व्यवसायीहरु, शिक्षक, बुद्धिजीवीहरु तथा नगरपालिकाका विषयगत शाखाको उपस्थिति रहेको थियो ।

**प्रश्नकर्ताः रामग्राम १७ बस्ने राजेन्द्र तिवारी**

आवास तथा कृषि सडकको सर्न्दभमा गलत सिफारिस हँदा पटक पटक राजश्व तिर्नु परेको यस किसिमको लापरवाही किन ? एक कित्ताको तीन तीन पटक सिफारिस दस्तुर तिर्नु परेको गुनासो, खानेपानी ट्याङ्कि निर्माण भयो तर पानी वितरण कहिले ?

वडा नम्बर १७ अन्य स्थान भन्दा बढि पछाडी छ, बजेट विनियोजन गर्नुपऱ्यो, पछाडि परेको क्षेत्रको विकासमा ध्यान दिन ध्यानार्कषण ।

*उत्तर वडा अध्यक्ष कन्है प्रसाद कोईरी-*

जग्गाको सिफारिसको दस्तुरको विषयमा तीन पटक लिएको राजश्व विषय सहि हो तर कुन अवस्थामा लिईयो भन्ने बुझ्नु पर्दछ । जसले सिफारिसका लागि आउनुभयो उहाँले पहिले कृषि, जग्गा अनि आवासीय बनाउन भन्नुभयो जुन फरक विषयका लागि फरक फरक सिफारिस गर्नुपर्ने थियो त्यसैले गर्दा दस्तुर लागेको हो, झन हामीले सहयोग गऱ्यौ नि त्यसको लागि त । अब कुरा आयो खानेपानी र विकासको विषय, खानेपानीका लागि बजेट मेयरसापसँग छ अब मेयरज्यूले भन्नुहुन्छ कि कति बजेट कसरी वितरण हुन्छ ।

*उत्तर नगर प्रमुख धनपत यादव-*

पछाडी परेको क्षेत्र भनेर कुनै एक क्षेत्र मात्र छैनू, मेरो विशेष ध्यान १८ ओटा वडामै पुग्नुपर्छ । अब खानेपानीको सर्न्दभमा केही बजेट हामीसँग छ त्यसलाई उपभोक्ताको सक्रियताको आधारमा वितरण गरी शुद्ध पिउने पानीको पहुँच पुऱ्याउने काम हुन्छ ।

**प्रश्नकर्ताः रमेश गिरी**

धार्मिक कार्यक्रममा लाखौं खर्च गरिन्छ तर शिक्षामा बजेट खै ? योजनाको काम पनि उपभोक्ता समिति बन्छ तर वडाअध्यक्षले खबर गर्नुहुन्न किन ? डेढ वर्ष हुँदासम्म पनि न्यायिक समितिबाट न्याय नपाएका घटना छन् किन उपमेयरज्यू ?

*उत्तर वडा अध्यक्ष कन्है प्रसाद कोईरी-*

अब धार्मिक कार्यक्रममा केही खर्च भएको सही हो, हामीले यति धेरै महिलाहरु व्रत बस्नुहुन्छ छठको बेला छठ घाट बनाउनुपर्छ अरु कार्यक्रम पनि हुन्छन् त्यसको लागि खर्च गरेको हो, सबै क्षेत्रमा के कति बजेट विनियोजन भाको छ वडामा आएर पनि हेर्न सक्नुहुन्छ, हामीले सबै क्षेत्रलाई बजेट विनियोजन गरेका छौं । उपभोक्ता समिति बनाउँदा पनि प्रत्येक ब्यक्तिलाई त कसरी खबर गर्न सकिन्छ तर वडाका अगुवा व्यक्ति, राजनैतिक दल, संघ संस्था विद्यालयलाई खबर गरिएको छ।

*उत्तर उपप्रमुख सम्झना चौधरी-*

न्यायिक समितिबाट काम धेरै भएका छन् तर कतिपय विषयमा केही ढिलो पनि हुन सक्छ, यो जनताको अदालत हो यसबाट हामी कसैलाई हराउने भन्दा पनि दुवै पक्षको जीत जीत होस् भन्ने हिसाबले काम गर्छौं त्यसैगरी बुझिदिन पनि म अनुरोध गर्दछु।

**प्रश्नकर्ताः जोखुँ बाँनिया**

म अपाङ्ग भएको नाताले अपाङ्गका लागि सिपविकास कार्यक्रम ल्याउन अनुरोध गर्न चाहन्छु र विद्युत महसुलमा केही कम गर्न सकिन्थ्यो कि अपाङ्गहरुका लागि ?

*उत्तर नगर प्रमुख धनपत यादव-*

तपाईंले उठाउनुभएको विषय अत्यन्तै सराहनीय छ, अपाङ्गता भएका व्यक्तिहरुलाई पक्कै पनि सीपमा लगाउनुपर्छ र मात्रै उनीहरु सहज रुपमा जिवनयापन गर्न सक्छन् यसका लागि आवश्यक पहल गरिने छ। विद्युत महसुलमा छुट दिने विषय त अब हामीहरुले चाहेर पनि कठिन छ किनकि यो विद्युत संघीय सरकार अर्न्तगत आउँछ जसका कारण अब हामीले सोलार प्यानलबाट विद्युत उत्पादन गर्न लागेका छौं त्यसका लागि भने पहल गर्न सकिन्छ कि अपाङ्गता भएकाहरुलाई केही छुट होस् जसका लागि थप प्रक्रिया के छ मैले बुझ्ने छु।

**प्रश्नकर्ताः अशोक धोवी**

गरिवी निवारण कार्यक्रम अन्तर्गत आवास निर्माणका क्रममा आफ्नालाई मात्र दिईएको छ यो के हो ? पोलमा लगाईएको सडक बत्ती टिकाउ भएन सबै बिग्रिए के बजेट सक्नलाई मात्र हो यो जडान गरेको ?

*उत्तर वडा अध्यक्ष कन्है प्रसाद कोईरी-*

आवास त सिफारिस अनुसार मापदण्ड हेरेरै निर्माण गरिएको हो अब सबैलाई दिन त सकिदैन् । सडक बत्तीको विषय केही हदसम्म सही छ, हामिले भुक्तानी पनि पुरै गरेका छैनौं, तत्कालै विग्रिएका बत्ती बनाएपछि नयाँ राखेपछि बल्ल भुक्तानी हुन्छ ।

**प्रश्नकर्ताहरुः दुरविजय यादव, अब्दुर कादिर, फुलादेवी बरई निजानन्द चौधरी**

विवादित बनेको सडक छ त्यसको काम कहिले हुन्छ ?

*उत्तर वडा अध्यक्ष कन्है प्रसाद कोईरी-*

यो सडक जुन प्रिपहिया देखिको हो यसलाई बनाउने कुरामा दुई मत छैन । तर यो विगत देखिकै विवाद र अदालतमा समेत पुगेको विषय हो । अब आउनुस् म तयार छु सुरु गरौं काम, कोही के भन्छ कोही खन्न दिन्न भन्छ कसरी हुन्छ म त यो आफ्नै गाँउ प्रिपहियाबाट परिसान भइसकेको छु । सहयोग नै पाईदैन काम गर्न खोज्दा पनि हेर्नुस् विगतको वडा अध्यक्षले कसरी काम गरेका थिए अहिले कसरी काम भइरहेको छ ।

**प्रश्नकर्ताः अर्जुन प्रसाद चौधरी**

योजना छनौटमा सबैको सहभागिता भएन किन ? संघ संस्था राजनितीक दलसँग पनि सहकार्य गरिँदैन् ?

*उत्तर वडा अध्यक्ष कन्है प्रसाद कोईरी -*

मैले अगाडि पनि भनिसकेको छु, कि योजना छनौटमा मुख्य व्यक्तिहरु राजनितीक दल, संघ संस्थालाई खबर गरिएको छ अब सबैलाई खबर गर्न त सम्भव पनि छैन् । अब योजना छनौट जनअपेक्षा अनुसार नै गरिएको हो, थोरै बजेट हुन्छ वडासँग सबै योजना पूरा गर्न त सम्भव नै छैन ।

**प्रश्नकर्ता: राम प्रसाद पौडेल प्र.अ. जनता मावि**

कक्षा १० सम्म मात्र संञ्चालित छ, अब १२ सम्म बनाउन ठिक हुन्छ कि ? छात्राहरुलाई सेनेटरी प्याड त छ तर डिस्पोजका लागी छुट्टै कोठा र मेसिन भए ठिक हुन्थ्यो।

*उत्तर सुन्दर खनाल शिक्षा अधिकृत -*

अब कक्षा १२ सम्म त भौतिक पुर्वाधारको पनि अभाव छ तत्काल गर्न सम्भव पनि छैन र अर्को कुरा विद्यार्थीको संख्या पनि कम छ। फेरि कक्षा ११ र १२ पनि विद्यार्थी नपुग्ने समस्या हुन्छ। मेरो विचारमा सेनेटरी प्याड डिस्पोजका लागि छुट्टै कोठाको आवश्यकता छैन।

**प्रश्नकर्ता: रामदेव कोईरी**

वडाका काममा खाली पार्टी मात्र हेरिन्छ, पार्टी हेरेर आफ्नाको काम गर्ने र अरुको नगर्ने प्रवृत्ति किन ?

*उत्तर वडा अध्यक्ष कन्है प्रसाद कोईरी*

अब यो कुरा रामदेव जीले कसरी भन्नुभयो मैले सबैलाई वडाबासीका हिसाबले व्यवहार गरेर काम गरेको छु, उहाँले विगतको वडा अध्यक्ष र अहिलेको वडा अध्यक्षको कामको मूल्याङ्कन आफै गर्न सक्नुहुन्छ।

**प्रश्नकर्ता: रामाज्ञा ठाकुर**

म पिडित भएको छु, मलाई कामबाट निकालेको पनि विद्यालयले धेरै दिन भयो तर ३ सय १९ दिनको विरामी विदाको पैसा पाएको छैन। म अहिले अशक्त छु, आखिर किन मैले पाउनुपर्ने तलब नपाउने ?

*उत्तर : दुरविजय यादव, अध्यक्ष विद्यालय व्यवस्थापन समिति जनता मावि देवगाँउ-*

तपाईको समस्याको विषयमा मैले थाहा पाएको छु तर अहिले भन्दा पनि विद्यालयमा आउनु के कति गर्न सकिन्छ, तपाईले अब भेट नै हुँदैन भन्नुहुन्छ। म प्रायः सधै विद्यालयमा जान्छु अब कसरी भेट हुन्न। सर्म्पक गरेर आउनुस् के कति गर्न सकिन्छ वा के हुन्छ भन्ने विषयमा कुरा गरौं।

**प्रश्नकर्ताः संजय चौधरी**

रसानियक मलको यति धेरै आवश्यकता छ तर आएको मल पनि सही तरिकाले वितरण हुदैन, कोहीले धेरै पाउँछ कोहीले कम, कसरी हुन्छ ?

*उत्तर वडा अध्यक्ष कन्है प्रसाद कोईरी -*

अब मल सहकारीहरुले दिने हो, सहकारीहरुले जग्गाको आधारमा मलको कोटा तोकेका छन्, सोही अनुसार पाउने हो अब यसमा मलाई जथाभावी भए जस्तो लाग्दैन। बाँकि सहकारीहरुले नै गर्ने हो सबै।

*उत्तर सहित समापन उपप्रमुख सम्भना चौधरी-*

अब मलको विषय आयो, मल समानुपातिक तवरले वितरण हुनुपर्छ तर केही केही सहकारीले अनियमितता गरेको पनि पाइएको छ त्यो तत्कालै सच्चिनुपर्छ, हामी पनि नियमन गर्छौं। अब सेनेटरी प्याडको लागि कोठाको आवश्यकताको विषय पनि नगरपालिकाले विस्तारै पूरा गर्छ। हामी केही विद्यालयमा सुरु पनि गरिसकेका छौं।

वास्तवमा नगरपालिका जनताप्रति उत्तरदायी बन्दै गाँउ गाँउमा पुगेर सार्वजनिक सुनुवाइ गर्दै आएको छ यस्तो अवस्थामा हामी जनता पनि सचेत बन्दै विकासका काममा साथ पनि दिनुपर्छ। सडक, शिक्षा र खानेपानीका विषय छन् विवादित विषयलाई तत्कालै हामी मिलेर टुङ्ग्याउनुपर्छ भने बाँकि विषय विस्तारै मिलाउँदै जाने हो।

## सार्वजनिक सुनवाइ कार्यक्रमबाट भएका सिकाइहरू

- सार्वजनिक सुनुवाइहरुबाट जनताको समस्यालाई नजिकैबाट बुझ्न सकिएको।
- यस प्रकारको सुनुवाइको व्यवस्था नियमित रुपमा हुँदा नगरपालिकाको कार्य सम्पादनमा सहयोग पुगेको।
- यस प्रकारका कार्यक्रमले सही अर्थमा पारदर्शीता कायम गर्न सफल हुने गरेको।
- जनगुनासोहरुको सुनुवाइ गर्ने उपयुक्त थलोका रुपमा यो माध्यम उपयुक्त भएको।
- नगरको आगामी कार्ययोजना निर्माणमा सहयोगी भएको जनप्रतिनिधिहरुकै भनाई।

*धन्यवाद ॥*

# रामग्राम नगरपालिकाद्वारा सञ्चालित विभिन्न कार्यक्रमगत गतिविधि

**१. निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन**

रामग्राम नगरपालिका वडा नं. ९ जोकवारमा भएको एक दिने निःशुल्क बृहत स्वास्थ्य शिविरमा ७ सय बढीले निःशुल्क सेवा लिएका छन् । सामुदायिक स्वास्थ्य परियोजना क्यानेडियन रेडक्रसको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाईटीद्वारा सञ्चालित, देवदह मेडिकल कलेज रुपन्देहीको सहकार्य तथा रामग्राम नगरपालिकाको आयोजनामा जनता आधारभूत विद्यालय रामग्राम-९ जोकवारमा सञ्चालन गरिएको हो ।

बृहत स्वास्थ्य शिविरको फाइदा लिन नगरवासीलाई रामग्राम नगरपालिकाका नगर प्रमुख धनपत यादवले आग्रह गर्नुभयो । सो अवसरमा नगर प्रमुख यादवले निःशुल्क स्वास्थ्य शिविरले विरामी पहिचानमा सहज भएको बताउनुभयो ।

कार्यक्रममा रामग्राम नगरपालिकाका नगरउपप्रमुख सम्झना चौधरी, नेपाल रेडक्रस सोसाईटी नवलपरासीका सभापति राजेन्द्रप्रसाद अग्रहरी लगायतले निःशुल्क स्वास्थ्य शिविरको महत्वको विषयमा चर्चा गर्नु भएको थियो ।

स्वास्थ्य शिविरमा नगरपालिका क्षेत्र लगायत अन्य क्षेत्रबाट ७ सय २२ जनाले स्वास्थ्य सेवा लिन सफल भएको नगरपालिकाका जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिनुभयो । सो अवसरमा करिव १० लाख बराबरको निःशुल्क औषधी वितरण गरिएको नेपाल रेडक्रस सोसाईटीमा सञ्चालित समुदायमा आधारित बृहत स्वास्थ्य कार्यक्रमका स्वास्थ्य अधिकृत अनुप खड्काले बताउनुभयो ।

शिविरमा ६ प्रकारका विशेषज्ञ टोलीले स्वास्थ्य परीक्षण गरेका थिए । सो अवसरमा साधारण स्वास्थ्य परीक्षण, नाक, कान र घाँटी, छाला सम्बन्धी, आँखा परीक्षण तथा दाँत

सम्बन्धी विशेषज्ञ डाक्टरहरुबाट बिरामीहरुलाई परीक्षण तथा परामर्श प्रदान गरिएको वडा न ९ का वडाध्यक्ष यादवले बताउनु भयो ।

२. **रामग्रामका ८३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान**

रामग्राम नगरपालिकामा ८३ जना सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु सम्मानित भएका छन् । वर्षौदेखि समुदायमा आमा समूहहरुलाई स्वास्थ्य सम्बन्धी सचेतना दिंदै आएका स्वयंसेवीकाहरुलाई सम्मान गरिएको हो । समूदायमा गर्भवती तथा सुत्केरीहरुको रेखदेख, खोप तथा विभिन्न महामारीका बेला निर्भीकतापूर्वक सहयोगी भूमिका निर्वाह गर्दै आएका महिला स्वास्थ्य स्वयंसेवीकाहरुलाई रामग्राम नगरपालिकाले सम्मान गरेको हो ।

रामग्राम नगरपालिकाकी कार्यवाहक नगरप्रमुख सम्झना चौधरीले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य स्वयंसेविको परिचय पत्र, सम्मान पत्र र न्यानो स्वीटर वितरण गर्दै सम्मान गर्नु भएको हो । सो अवसरमा कार्यवाहक नगरप्रमुख चौधरीले समुदायमा महिलाहरुको स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धिमा महिला स्वास्थ्य स्वयंसेविकाहरुको महत्वपूर्ण भूमिका रहेको बताउनु भएको थियो ।

स्वयंसेविका सम्मान कार्यक्रममा स्वास्थ्य शाखाका अधिकृत सुरज हरिजन, सुक्रौली स्वास्थ्य चौकीका प्रमुख बलराम सापकोटा, सामुदायिक रेडियो परासीका प्रबन्ध निर्देशक मेघराज गौतम लगायतले महिला स्वास्थ्य स्वयंसेविकाले समूदायमा खेलेको भूमिकाको प्रसंसा गर्नु भएको थियो ।

यस्तै सम्मानित हुने रामग्राम नगरपालिका वडा नं. ९ की महिला स्वास्थ्य स्वयंसेविका ज्योतिमाया ढुंगाना, वडा नं. १५ की स्वयंसेविका पार्वती शर्माले नगरपालिकाले आफूहरुलाई सम्मान गरेर महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकाको सही मूल्यांकन गरेको बताउनु भएको थियो । सरकारले महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई वार्षिक १२ हजार र १० हजार पोशाक वापतको रकम दिने गरेको छ भने रामग्राम नगरपालिकाले महिला

स्वयंसेविकाहरुलाई मासिक १ हजार दिने गरेको स्वास्थ्य शाखाका प्रमुख एवं सूचना अधिकारी रामनरेश रायले जानकारी दिनुभयो ।

**३. रामग्राममा सार्वजनिक सुनुवाइः विकास निर्माणमा ध्यान दिन नागरिकको सुझाव**

नवलपरासीको रामग्राम नगरपालिकाले आ.व. २०८०।०८१ को पहिलो चौमासिकमा विकास निर्माण र सेवा प्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाइ गरेको छ । रामग्राम १७ पिप्रहियामा चालु आ.व.को पहिलो सुनुवाइ गरेको नगरपालिकाले जनाएको छ ।

सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी स्थानीयहरुले सडक तथा नाला निर्माण, खानेपानी, विद्यालयको भवन निर्माण, सडक बत्ती लगायतका क्षेत्रमा विशेष ध्यान दिन आग्रह गरेका थिए । यस्तै कृषि क्षेत्रमा मलखादको प्रयाप्तता बढाउन पनि सुझाव दिएका थिए ।

सहभागी स्थानीयहरुले योजना छनौट गर्दा व्यापक जनसहभागीतालाई सुनिश्चित गर्नुपर्ने साथै विवादित सडकको समस्या समाधान गरी सडकको स्तरोन्नति गर्न सुझाव दिएका थिए । सार्वजनिक सुनुवाइमा उपस्थित स्थानीयले वडा कार्यालयबाट दिइने सेवालाई प्रभावकारी बनाउनु पर्ने, अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप विकास तथा अवसरहरु प्रदान गर्नुपर्ने लगातका माग राखेका थिए ।

सार्वजनिक सुनुवाइमा रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादव, उपप्रमुख सम्झना चौधरी, प्रमुख प्रशासकीय अधिकृत मोहन अर्याल, वडा नं. १७ का वडाध्यक्ष कन्हैया प्रसाद मौर्य लगायतले स्थानीयहरुले उठाएका प्रश्नको जवाफ दिनुभएको थियो ।

सो कार्यक्रमको सहजिकरण सामुदायिक रेडियो परासी ९०.२ मेगाहर्जका स्टेशन म्यानेजर विकास अधिकारीले गर्नु भएको थियो ।

### ४. राष्ट्रपति रनिङ्ग शिल्डको उपाधि पवन माविलाई

पश्चिम नवलपरासीको रामग्राम नगरपालिकाद्वारा सञ्चालित र पवन माध्यमिक विद्यालयले व्यवस्थापन गरी सञ्चालन गरिएको दोश्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न भएको छ। गत वर्ष जनता माध्यमिक विद्यालयमा सञ्चालन भएको प्रथम राष्ट्रपति रनिङ्ग शिल्डको विजेता पवन माध्यमिक विद्यालय यस वर्ष पनि प्रथम हुन सफल भएको छ। माघ १४ गतेदेखि तीन दिनसम्म सञ्चालित प्रतियोगितामा पवन माध्यमिक विद्यालय, परासी ७ स्वर्ण, ५ रजत र ८ कास्य पदककासाथ प्रथम भएको छ। यस्तै उत्तम बालहित माध्यमिक विद्यालय, उजैनी ७ स्वर्ण, ४ रजत र ४ कास्य पदककासाथ द्वितीय भएको छ भने जनता माध्यमिक विद्यालय, डैनहवा ६ स्वर्ण, ९ रजत र ९ कास्य पदककासाथ तृतीय भएको छ।

रनिङ्ग शिल्ड प्रतियोगितामा विभिन्न ६ प्रकारका खेल समावेश गरिएकोमा भलिवल प्रतियोगितामा जनता माध्यमिक विद्यालय, डैनहवाका छात्र विशाल यादव र छात्रा मनिता चौधरी उत्कृष्ट खेलाडी छनौट भएका छन् । यस्तै कवड्ड तर्फ उत्तम बालहितका छात्र सलाउद्दिन देवान र छात्रातर्फ सरस्वती माध्यमिक विद्यालयकी कोपिला चौधरी उत्कृष्ट भएका हुन्। त्यसैगरी एथेलेटिक्सतर्फ उत्तमबाल हितका छात्र सलाउद्दिन देवान र आदर्श माध्यमिक विद्यालय, परासीकी छात्रा अनुपा हरिजन उत्कृष्ट भएका छन्। यस्तै प्रतियोगिताको उत्कृष्ट फाइटरमा ५९ केजी तर्फ छात्र रामकरण कुर्मी र ४६ केजी तर्फ छात्रा खुसी यादवले उपाधी जित्न सफल भएका छन्। त्यसैगरी तेक्वान्डोको फूम्सेमा पवन माध्यमिक विद्यालय प्रथम र सयपत्री मा.वि. द्वितीय भएका छन्। यस्तै फाइटरमा पवन माध्यमिक विद्यालय परासी, लिटिल एन्जेल्स मा. वि. परासी र सयपत्री मा. वि. परासी क्रमश प्रथम, द्वितीय र तृतीय भएको रामग्राम नगरपालिकाका शिक्षा शाखा अधिकृत सुन्दर खनालले जानकारी दिनुभयो।

राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको समापन समारोह रामग्राम नगरपालिकाका नगर प्रमुख धनपत यादवको अध्यक्षता र जिल्ला समन्वय समिति नवलपरासीका प्रमुख

भगौती यादव (रुदल)को प्रमुख आतिथ्यतामा भएको थियो। सो अवसरमा नगरपालिकाका नगर उपप्रमुख सम्झना चौधरी, प्रमुख प्रशासकीय अधिकृत मोहन अर्याल लगायतले विजेता तथा उपविजेता सवै प्रतियोगिहरुलाई शुभकामना ब्यक्त गर्नु भएको थियो। समापन कार्यक्रममा शैक्षिक सत्र २०८१ मा हुने तेश्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता रामग्राम-१० स्थित जनता माध्यमिक विद्यालय लक्ष्मीपुरले गर्ने गरी रनिङ्ग शिल्डको झण्डा हस्तान्तरण गरिएको थियो।

**५. रामग्राम लंकहवामा झन्डै डेढ करोडको लागतमा खानेपानी आयोजना बन्दै, नगर प्रमुख यादवद्वारा शिलान्यास**

आर्सेनिकयुक्त पानी पिउन बाध्य स्थानीयसम्म शुद्ध पिउने पानीको पहुँच पुऱ्याउन पश्चिम नवलपरासीको रामग्राममा खानेपानी आयोजना निर्माण सुरु भएको छ। रामग्राम १० लंकहवामा एक करोड ४३ लाखको लागतमा खानेपानीको ओभरहेड ट्याङ्कि निर्माण कार्य सुरु भएको हो। ट्याङ्कि निर्माणको शिलान्यास गर्दे नगर प्रमुख धनपत यादवले खानेपानीको पहुँच विस्तारमा प्राथमिकता दिइएको बताउनुभयो। खानेपानी आयोजना नभएको स्थानमा नयाँ आयोजना निर्माण र ट्याङ्कि निर्माण भईसकेको स्थानमा पाईप विस्तारको कामलाई तिव्रता दिइएको उहाँको भनाई छ।

नगरपालिकाको आन्तरिक स्रोत र अपुग रकम प्रदेश तथा संघीय सरकारसँग माग गरि बढि आर्सेनिक भएका स्थानमा पहिलो प्राथमिकता दिएर शुद्ध पिउने पानीको पहुँच पुऱ्याउन काम भइरहेको नगर प्रमुख यादवले बताउनुभयो। ट्याङ्कि बनेर पनि विगतमा पानी वितरण हुन नसकेको अवस्था विद्यमान रहेको बताउँदै उहाँले नगरपालिकाले आन्तरिक स्रोतबाटै काम गर्ने गरी पाईप विस्तारका लागि बजेट विनियोजन गरेको पनि जानकारी दिनुभयो। चालु आर्थिक वर्षको जेठ मसान्तसम्म निर्माण सक्ने गरी एम. एस. मनकामना ड्रिलिङ्ग कम्पनीले ट्याङ्कि निर्माणको ठेक्का लिएको छ। उक्त खानेपानी आयोजना निर्माण सम्पन्न भए पश्चात करिब एक हजार घरधुरीमा शुद्ध पिउने पानीको पहुँच पुग्ने नगरपालिकाले जनाएको छ।

**६. सहकारीमा कोपोमिस सम्बन्धी तालिम सम्पन्न**

सहकारी तथा गरिवी सम्बन्धी सूचना व्यवस्था प्रणाली (कोपोमिस) सम्बन्धी २ दिने तालिम रामग्राम नगरपालिकामा सम्पन्न भएको छ। रामग्राम नगरपालिका कार्यक्षेत्र भएका सहकारीहरुलाई लक्षित गरी कोपोमिस सञ्चालन सम्बन्धी तालिम सम्पन्न गरिएको रामग्राम नगरपालिकाले जनाएको छ। रामग्राम नगरपालिका भित्रको कार्यक्षेत्रभित्र रहेका ३२ वटा विभिन्न विषयगत सहकारीहरुलाई लक्षित गरी तालिम सञ्चालन गरिएको थियो। रामग्राममा बचत तथा ऋण सहकारी संस्थाहरु १४ वटा, साना किसान कृषि सहकारी संस्था ११ वटा, बहुउद्देश्यीय सहकारी संस्था ६ वटा, सञ्चार सहकारी १ रहेको नगरपालिकाले जनाएको छ।

सहकारी सम्बन्धी कारोबारको तथ्याङ्कलाई नियमित, विश्वसनीय र एकीकृत बनाउन, सहकारीमा देखिएको जोखिम न्यूनिकरण गर्न तथा सहकारीको डाटालाई प्रविधि मैत्री बनाउँदै कागजी प्रकृयाको अत्य गर्नका लागि २ दिने तालिम गरिएको बताइएको छ। रामग्राम नगरपालिका सहकारी शाखाका प्रमुख रामसुवाष गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा प्रशासन प्रमुख रामलाल भुषाल लगायतले सहकारीमा कोपोमिसको महत्वको बारेमा प्रकाश पार्नु भएको थियो। तालिममा सिद्धार्थनगर नगरपालिका सहकारी शाखाका प्रमुख कमलकान्त खनालले सहजिकरण गर्नु भएको थियो।

**७. रामग्राममा झन्डै ४२ करोड लागतमा सडक विस्तारको काम सुरु, नगर प्रमुख यादवद्वारा शिलान्यास**

पर्यटकीय मार्गको रुपमा विकास गर्ने गरी रामग्राम नगरपालिका वडा नम्बर ६ पोखरापालीदेखि वडा नम्बर १५ घिनाहा चोकसम्म दुई लेनमा सडक विस्तारको काम सुरु भएको छ। बुद्धकालिन पुरातात्विक तथा ऐतिहासिक स्थल पण्डितपुरसम्म जोड्ने गरी रामग्राम ६ पोखरापालीदेखि पण्डितपुरसम्म ४१ करोड ८६ लाखको लागतमा सडक विस्तारको काम

सुरु भएको हो। सडक विस्तार कार्यको शिलान्यास गर्दै रामग्राम नगरपालिकाका नगर प्रमुख धनपत यादवले ठूलो लगानीमा शुरु भएको पण्डितपुरदेखि परासीसम्मको सडक विस्तारले यस क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

पण्डितपुर बुद्धको मावली भएको बताउँदै उहाँले पुरातात्त्विक स्थल पण्डितपुरको विकास र प्रर्वद्धनका लागि सडक उपयोगी हुने र रामग्राम आउने पर्यटकलाई पण्डितपुरसम्म पुऱ्याउन सकिने धारणा ब्यक्त गर्नुभयो। यादवले सो क्षेत्रमा धेरै किसानहरु बसोबास गर्ने गरेको र कृषि उपजको बिक्रि वितरणका लागि पनि सडक सहयोगी बन्ने बताउँदै सडककै क्षेत्रमा पर्ने अलपत्र पुल निर्माणका लागि प्रदेश सरकारले ध्यान दिनुपर्ने बताउनुभयो। विश्वबैंकको ऋण सहयोग र संघीय सरकारको अनुदानमा विस्तार हुन लागेको ५.७८ किलोमिटर लामो उक्त सडक १८ महिनाभित्र निर्माण सम्पन्न गर्ने गरी आशिष आशीर्वाद जेभिसँग गत असोज मसान्तमा सम्झौता भएको थियो।

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अर्न्तगत निर्माण हुन लागेको उक्त सडक, नाला, फुटपाथसहित साढे १२ मिटर चौडाईको हुनेछ। हाल जीर्ण रहेको उक्त सडक निर्माणपछि सदरमुकाम परासीसँग सुविधा सम्पन्न सडकको सिधा सर्म्पक स्थापित हुनुका साथै पुरातात्त्विक स्थलको प्रर्वद्धनमा पनि सहयोगी हुने अपेक्षा गरिएको छ। पण्डितपुरलाई बुद्धको मावलीको रुपमा दाबी गरिँदै आएको छ। सो स्थानमा केही हप्ता अगाडी पुरातत्त्व विभागले गरेको जियोफिजिक्स सर्भेका क्रममा बुद्धकालिन शहरको ठूलो संरचना जमिनमुनि फेला परेको थियो। पण्डितपुरसम्म पुग्न अझै झन्डै तिन किलोमिटर सडक विस्तार गर्नुपर्छ, बाँकी सडक पनि अर्को चरणमा निर्माण गरिने नगरपालिकाले जनाएको छ।

सडक विस्तार शिलान्यास कार्यक्रममा रामग्राम नगरपालिकाका उपप्रमुख सम्झना चौधरी, प्रमुख प्रशासकीय अधिकृत मोहन अर्याल, रामग्राम १५ का वडा अध्यक्ष धनपत यादव, स्थानीय शोभादेवी थारु लगायतले बहुउपयोगी उक्त सडक निर्माण कार्यलाई पूरा गर्न सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

## विपदमा परेका ६ जना नागरिकलाई रामग्रामद्वारा राहत वितरण

रामग्राम नगरपालिकाले चालु आ.व. २०८०।०८१ मा नगरभित्रका ६ जना विपदमा परेका ब्यक्तिहरुलाई राहत वितरण गरेको छ। विभिन्न समयमा विपदमा परेका नागरिकहरुलाई राहत वितरण गरिएको नगरपालिकाले जनाएको छ। चट्याङ्ग र आगलागी सम्बन्धी घटनाबाट पिडित बनेका नागरिकहरुलाई राहत वितरण गरिएको थियो।

रामग्राम नगरपालिका वडा नं. १० मा चट्याङ्ग लागी विनोदकुमार कोहारको मृत्यु भएकोमा उहाँका भाइ अजयकुमार कोहारलाई काजकिरिया खर्च उपलब्ध गराइएको थियो। यस्तै रामग्राम नगरपालिका वडा नं. ८ का ओमप्रकाश धरिकारको परालको टौवामा आगलागी, रामग्राम १३ का सम्भा नाउको घरको सर्टरमा विद्युत्त सर्ट भई आगलागी भएकोले ७ हजार राहत प्रदान गरिएको थियो।

यस्तै रामग्राम ९ की जमुना जोशी, रामग्राम १७ का जितबहादुर केवट र रामग्राम ९ कै रामदेव केवटको घरमा आगलागी हुँदा जनही ५ हजार राहत वितरण गरिएको छ। नगरपालिकाभित्र नगरस्तरीय विपद व्यवस्थापन समिति रहेको छ। गत माघ २९ र फाल्गुन १ गते बसको समितिको बैठकले विपदका घटनाहरुको अध्ययन गरी राहत प्रदान गरिएको रामग्राम नगरपालिकाका प्रशासकीय अधिकृत रामलाल भुषालले बताउनु भयो।

# विभिन्न पत्रपत्रिकामा रामग्राम नगरपालिकाको गतिविधि

## ढुंगामा चित्र कोरेर ट्राफिक सचेतना

**परासी पत्र**



परासी- ट्राफिक सचेतनाको कार्यक्रम गरी नवलपरासीमा कलाकार अरनिकोको स्मृति दिवस मनाइएको छ। ढुंगे कला कार्यशाला (स्टोन आर्ट वर्कशप) द्वारा आयोजित कार्यक्रममा सहभागी भएका चित्रकार र कलाकारहरुले ढुंगामा ट्राफिक चिन्हका चित्रहरु कोरेर सन्देश दिएका थिए। ढुंगामा कोरिएका चित्रहरुमा ट्राफिक बत्ती, मादक पदार्थ सेवन गरेर सवारीसाधन चलाउँदा हुने क्षति, जेब्राक्रसलगायतका चित्रहरु रहेका छन्।

ट्राफिक नियमबारे जानकारी दिन कोरिएका चित्रहरुलाई बजारमा राखिने कार्यक्रमका संयोजक एंव रेडियो परासीका अध्यक्ष राजकुमार रेश्मीले बताउनुभयो । कार्यक्रममा रामग्राम नगरपालिकाकी कार्यवहाक नगरप्रमुख सम्झना चौधरी, प्रमुख प्रशासकीय अधिकृत मोहन अर्याल, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख राजु खत्री, रेडियो परासीका पूर्वअध्यक्ष सूमन गोपाल आर्चाय, रोटरी कल्बका अध्यक्ष विरेन्द्र अग्रहरी, कलाकार मन गोल्डीलगायतले कलाक्षेत्रमा अरनिकोका योगदानका बारेमा प्रकाश पार्नुभएको थियो।

अरनि जन्म राजा अभय मल्लको पालामा सन् १२४४ देखि १२४५ मा पाटनमा बताउँदै आइएको छ। पछि राजा जयभीमदेव मल्लको पालामा ८० जना वास्तु कलाकारको नेतृत्व गर्दै अरनिको तिब्बत पुगेको अरनिको बारेमा अध्ययन अनुसन्धानमा संलग्न संस्थाहरुले बताउने गरेका छन्। अरनिको प्यागोडाशैलीको मन्दिर निर्माणमा पोख्त हुनुहुन्थ्यो थिए। उहाँले निर्माण गरेको श्वेत चैत्य चीनको बेइजिङमा पर्यटकको आकर्षणको केन्द्रविन्दु भएर रहेको छ। नेपाली वास्तुकला र नेपाली कलाकारको नेतृत्व गर्दै धातुकलालाई चीन र तिब्बतमा प्रसार गर्ने काम अरनिकोले गर्दै आउनु भएको थियो।

चीनमा अरनिको समाजको पहलमा अरनिको पूर्णकदको प्रतिमा निमार्ण गरिएको छ। विसं २०२४ सालमा नेपाल र नेपालीको गौरव बढाउने कार्य गर्ने १३ जना ब्यक्तिलाई राष्ट्रिय विभूतिको सम्मान प्रदान गरिएको थियो। त्यस्तै अरनिको आकृति झल्कीने टिकटसमेत प्रकाशनमा छ।

## लुम्बिनी क्षेत्रमा पण्डितपुरलाई समेट्न प्रस्ताव



**परासी पत्र**

नवलपरासी- लुम्बिनी विकास कोषको परिषद् बैठकले नवलपरासीको रामग्राम नगरपालिकामा पर्ने पण्डितपुरलाई समेट्न प्रस्ताव गरेको छ। बैठकले पण्डितपुरसहित रुपन्देहीको सैनामैनालाई समेत समेट्न प्रस्ताव गरेको हो। बुद्धकालीन समयमा कपिलवस्तु राज्य अन्तर्गत रहेका १० वटा ठूला सहरमध्ये पण्डितपुर र सैनामैना पनि एउटा प्रमुख सहर रहेको उल्लेख छ।

लुम्बिनी विकास कोषका कोषाध्यक्ष सिद्धिचरण भट्टराईले नवलपरासीको पण्डितपुर र सैनामैना पुरातात्विक हिसाबले अत्यन्त महत्वपूर्ण रहेको र ती दुवै सहर बुद्धको जीवनसँग जोडिएकाले कोषको क्षेत्रभित्र समेट्न प्रस्ताव गरिएको बताउनुभयो। हाल लुम्बिनी विकास कोषभित्र १० वटा पुरातात्विक क्षेत्र रहेको उल्लेख छ। जसमध्ये रुपन्देहीमा लुम्बिनी र देवदह, कपिलवस्तुमा सात वटा तिलौराकोट, गोटिहवा, निग्लिहवा, सगरहवा, सिसनियाकोट, अरौराकोट, कुदान र नवलपरासीको रामग्राम रहेका छन्। पण्डितपुरलाई लुम्बिनी विकास कोषभित्र समेट्ने प्रस्तावले यहाँका स्थानीय खुसी छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष सुदन किरातीको अध्यक्षतामा लुम्बिनीमा बसेको परिषद् बैठकले कपिलवस्तुको तिलौराकोटलाई विश्व सम्पदा सूचीमा समावेश गराउनका लागि यसै वर्ष प्रस्ताव दर्ता गरिने निर्णय गरेको थियो। नीति कार्यक्रममा पण्डितपुर र सैनामैनालाई पनि लुम्बिनी विकास क्षेत्रमा समेट्न प्रस्ताव गरिएको थियो। लुम्बिनी विकास कोष परिषद्को प्रस्ताव नेपाल सरकारले स्वीकृत गरेमा पण्डितपुर र सैनामैना लुम्बिनी विकास कोषभित्र समेटिने छन्।

.प.जि.प्र.का.द.न.४/०४५/०४६ दैनिक लुम्बिनी

## राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा पवन मावि प्रथम



**गौरीशंकर जयसवाल**

परासी। दोश्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा पवन माध्यमिक विद्यालय प्रथम स्थान हासिल गरेको छ। यहि माघ १४ गतेदेखि तीन दिनसम्म सञ्चालन भएको प्रतियोगितामा पवन माध्यमिक विद्यालय, परासी ७ स्वर्ण, ५ रजत र ८ कास्य पदकसहित प्रथम स्थान हासिल गरेको हो। उत्तम बालहित माध्यमिक विद्यालय उजैनी ७ स्वर्ण, ४ रजत र ४ कास्य पदकसहित द्वितीय स्थान हासिल गरेको छ भने जनता माध्यमिक विद्यालय डैनहवा ६ स्वर्ण, ९ रजत र ९ कास्य पदककासाथ तृतीय स्थान हासिल गरेको रामग्राम नगरपालिकाका शिक्षा शाखा अधिकृत सुन्दर खनालले जानकारी दिए। गत वर्ष जनता माध्यमिक विद्यालयमा सञ्चालन भएको प्रथम राष्ट्रपति रनिङ्ग शिल्डको बिजेता पवन माध्यमिक विद्यालय यस वर्ष पनि प्रथम हुन सफल भएको खनालले बताए। रनिङ्ग शिल्ड प्रतियोगितामा विभिन्न ६ प्रकारका खेल समावेश गरिएकोमा भलिबल प्रतियोगितामा जनता माध्यमिक विद्यालय, डैनहवाका छात्र विशाल यादव र छात्रा मनिता चौधरी उत्कृष्ट खेलाडी छनौट भएका छन्। यस्तै कवड्डीतर्फ उत्तम बालहितका छात्र सलाउद्दिन देवान र छात्रातर्फ सरस्वती माध्यमिक विद्यालयकी कोपिला चौधरी उत्कृष्ट भएको रामग्राम प्रमुख प्रशासकीय अधिकृत मोहन आर्यलले जानकारी दिए। उनको अनुसार एथेलेटिक्सतर्फ उत्तमबाल हितका छात्र सलाउद्दिन देवान र आदर्श माध्यमिक विद्यालय परासीकी छात्रा अनुपा हरिजन उत्कृष्ट भएका छन्। प्रतियोगिताको उत्कृष्ट फाइटरमा ५९ केजीतर्फ छात्र रामकरण कुर्मी र ४६ केजीतर्फ छात्रा खुसी यादवले जित्न सफल भएका छन्।

त्यसैगरी तेक्वान्डोको फूम्सेमा पवन माध्यमिक विद्यालय प्रथम र सयपत्री मावि द्वितीय भएका छन् भने फाइटरमा पवन माध्यमिक विद्यालय परासी, लिटिल एन्जेल्स मावि परासी र सयपत्री मावि परासी क्रमशः प्रथम, द्वितीय र तृतीय भएको रामग्राम नगरपालिकाका शिक्षा शाखा अधिकृत खनालले जानकारी दिए। दोश्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा सामुदायिक विद्यालय तथा निजी विद्यालय गरी १९ विद्यालयको सहभागिता रहेको थियो।

रामग्राम नगरपालिकाद्वारा सञ्चालित तथा पवन माध्यमिक विद्यालयद्वारा व्यवस्थापन गरी सञ्चालन गरिएको दोश्रो राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तीनसम्म सञचालन भएको थियो।

# विभिन्न पत्रपत्रिकामा रामग्राम नगरपालिकाको गतिविधि

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
३५ | अंक १९६ | बुटवल | २०८० असार २६, गते मंगलबार | नेपाल संवत ११४३ | Tuesday July 11, 2023 | पृष्ठ १

## बसपार्क अलपत्र

**साढे तीन करोड लागतमा बसपार्क बने पनि पहुँच सडक नहुँदा सञ्चालन हुन सकेको छैन । रामग्राम नगरपालिकाले नै बसपार्कको बेवास्था गरेको छ ।**

गौरीशंकर जयसवाल

परासी

पश्चिम नवलपरासीको सदरमुकाम परासीमा निर्माण बसपार्क लामो समय वितिसकदासमेत व्यवस्थित रुपमा सञ्चालनमा आउन सकेको छैन । निर्माणकार्य सम्पन्न भएको पाँच महिना बितिसक्दा पनि बसपार्क सञ्चालनमा ल्याउन नगरपालिका इच्छुक देखिएको छैन ।

रामग्राम नगरपालिकाका पूर्व मेयर नरेन्द्रकुमार गुप्ताको विशेष पहलमा शहरी विकास मन्त्रालयको लगानीमा निर्माण सम्पन्न भएको रामग्राम बसपार्क वर्तमान मेयर धनपत यादवको बेवास्ताको कारण सञ्चालनमा आउन नसकेको हो । बसपार्क रामग्राम नगरपालिकालाई शहरी विकास मन्त्रालयले हस्तान्तरण पनि गरिसकेको छ ।

संघीय सरकारको लगानीमा बने पनि बसपार्कको व्यवस्थापन र सञ्चालनमा ल्याउन नगरपालिकाको जिम्मेवारी हो । मेयर यादवको बेवास्ताको कारणले गर्दा करोडौ लगानीमा बनेको बसपार्क सञ्चालनमा नआउँदा बालुवामा पानी हाले जस्तो भएको जनता समाजवादी पार्टी जिल्ला अध्यक्ष धोन्द्र यादवले बताए । उनले निर्माण भएको 'सुविधा सम्पन्न रामग्राम बसपार्क' सञ्चालनमा ल्याउन रामग्राम नगरपालिकाले पहल नगरेको, रामग्राम नगरपालिका मौन बसेको र यसलाई छिटोभन्दा छिटो सञ्चालन ल्याउनुपर्ने जनाए ।

नगरपालिकाको बेवास्ताका कारणले रामग्राम बसपार्क सञ्चालनमा आउन ढिलाइ भएको यातायात व्यवसायीहरूले बताएका छन् । बसपार्क निर्माण भए पनि सडक सञ्जाल निर्माण नहुँदा बसपार्क सञ्चालनमा आउन नसकेको नाम नबताउने सर्तमा एक यातायात व्यवसायीले बताए ।

उनले बसपार्क निर्माण भए पनि त्यहाँ पुग्ने बाटो नबनेकोले गाडी पनि बसपार्कसम्म पुग्ने अवस्था नरहेको बताए । बनिसकेको बसपार्क सञ्चालन नहुँदा पार्किङको समस्या भोग्नुपरेको पाल्ही यातायात व्यवसायी प्रालि नवलपरासीका अध्यक्ष ऋषिराम पौडेलले जानकारी गराए ।

उनले करोडौंको लगानीमा निर्माण भएको बसपार्क सञ्चालनमा नआउँदा सदरमुकाम परासीमा बसपार्क निर्माण भइसक्दा पनि सडकमै अव्यवस्थितरूपमा सवारी साधन पार्किङ गरिँदै आएको बताए । परासीको मुख्य बजार बुद्धचोक नै बसपार्कको रुपमा बुद्धचोक-निलोगेटसम्मको सडक विस्तारको क्रममा अस्थायी रुपमा रामग्राम-४ स्थित



जिल्ला समन्वय समितिको जग्गामा बसपार्क सञ्चालन गरिएकोमा हाल उक्त स्थानमा जिल्ला समन्वय समितिको भवन निर्माण कार्य भइरहेकोले त्यहाँ पार्किङ गर्दा महेशपुर जाने बाटोको वरिपरि पार्किङ गर्दा दुर्घटना हुनसक्ने सम्भावना रहेको बताउँदै बसपार्क सञ्चालनमा नआउँदा पार्किङमा ठूलो समस्या भएको अध्यक्ष पौडेलले स्पष्ट पारे ।

करोडौं लगानीको बसपार्क छिटो सञ्चालनमा ल्याउन नागरिक समाज नवलपरासीका अध्यक्ष राधेश्यामसिंह सैंथवारले माग गरे । उनले बाटो वरिपरि जताततै गाडीहरू अव्यवस्थित रुपमा पार्किङ गर्दा ठूलो दुर्घटनाको जोखिम निम्त्याउने र उक्त बसपार्क तुरुन्त सञ्चालनमा ल्याउन सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिएको बताए । बसपार्क सञ्चालन नहुँदा लामो तथा छोटो दूरीमा चल्ने बस मुख्य सडकमै पार्किङ र बसपार्क सञ्चालन नहुँदा सडकमै जताततै सवारी साधन पार्किङ हुने गरेकाले सवारी साधनको आवागमनमा समस्या हुनाका साथै ट्राफिक व्यवस्थापनमा समस्या र दुर्घटनासमेत हुने जोखिम बढेको जिल्ला ट्राफिक कार्यालय नवलपरासीका प्रहरी वरिष्ठ नायब निरीक्षक डम्बर गिरीले जानकारी गराए ।

रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले शहरी विकास मन्त्रालयले एक महिना अगाडिमात्र रामग्राम नगरपालिकालाई हस्तान्तरण



रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपुर (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:०८०/०८१
च.नं.:११६२

मिति:२०८०/१०/१२
ने.सं.- ११४४ पोहेलागा, १ शुक्रबार

श्री पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.,
परासी, नवलपरासी ।

विषय: बसपार्कबाट यातायात सेवा संचालन गर्ने गराउने सम्बन्धमा ।

उपर्युक्त विषयमा रामग्राम नगरपालिकाको पहलमा संघीय सरकारबाट रामग्राम-४ स्थित केरवानिमा पूर्वाधार सुविधायुक्त बसपार्क निर्माण सम्पन्न भईसकेको व्यहोरा अवगत नै होला । त्यहाँ प्रा.लि.बाट संचालन हुने सार्वजनिक यात्रुबाहक सवारी साधनको अव्यवस्थित रुपमा पार्किङ्ग तथा संचालन हुँदा दुर्घटना बढ्ने, सेवाग्राहीलाई अनावश्यक रुपमा सास्ती हुने समेत गरेकोले व्यवस्थित पूर्वाधार सहितको उक्त बसपार्कबाट यातायात सेवा संचालन गर्नु गराउनुहुन अनुरोध गर्दछु ।

.........................
धनपत यादव
नगर प्रमुख
रामग्राम नगरपालिका

बोधार्थ:
श्री जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.):आवश्यक समन्वय एवं अनुगमन गरिदिनुहुन ।
श्री जिल्ला प्रहरी कार्यालय नवलपरासी (ब.सु.प.):आवश्यक निरीक्षण एवं सुरक्षा सहजीकरण गरिदिनुहुन।

